अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा थाहानगरलाई ३ स्वर्णसहित १० पदक । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

● मकवानपुर, वर्ष-१७, अंक-०७ ● २०८१ भाद्र १७ गते सोमबार, ● 02 September, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




# ओझेलमा सामुदायिक पुस्तकालय

सुरज कुमार भुजेल
थाहानगर

कुनै बेला फुर्सदको समयलाई सदुपयोग गर्ने एक महत्वपुर्ण पाटो नै पुस्तकालय हुन्थ्यो । बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मका लागि चाहिने जुनसुकै पुस्तक त्यही पुस्तकालयमै पढ्न पाइन्थ्यो । सामान्य ज्ञानदेखि मायाका कथाहरूसम्म पुस्तकालयमै भेटिन्थे । रोचक जानकारी र धार्मिक पुस्तकहरूको त भण्डारण नै हुन्थ्यो । तर, अहिले बेला फेरिएको छ । पुस्तकालय धाएर जानकारी र शिक्षा लिनेहरूको संख्या घटेको छ । बालबालिकालाई सामुदायिक पुस्तकालयको त पत्तै छैन । प्रौढहरूका लागि पनि पुस्तकालय कता हो कता भएको छ ।

प्रत्येक वर्ष १५ भाद्रमा पुस्तकालय दिवस मनाइन्छ । यसवर्षको नारा 'निरन्तर शिक्षाका लागि पुस्तकालय' तय गरिएको छ । केही दिनअघि मात्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मुलुकभरका स्थानीय तहहरूलाई १५ भाद्रको परेको १७औं पुस्तकालय मनाउन परिपत्र गरेको छ । तर मन्त्रालयको परिपत्र कति स्थानीय तहले कार्यान्वयन गर्लान् ? त्यसको अनुगमन गर्ने निकायले जान्लान् ।

मकवानपुर थाहा नगरपालिकामा रहेका अधिकांश पुस्तकालयहरूको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब केही मात्रामा छन् । पुस्तकालयमा न पाठक न व्यवस्थापन


पालुङको जीवज्योति पुस्तकालय

लथालिंङ जस्तै भएको छ । पुस्तकालयको तथ्याङ्ग थाहा नगरपालिकाको प्रोफाइलमा उल्लेख त गरिएको छैन तर, पालिका क्षेत्रमा केही पुराना सामुदायिक पुस्तकालय रहेका छन् । ति मध्ये पनि दुई चार वटा मात्र मुस्किलले तथ्याङ्कमा उतार्न सकिन्छ । थाहा नगरपालिकाको शिखरकोटस्थित नवजागृत पुस्तकालय, थाहा नगरपालिका वडा नम्बर ६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवन ज्योति, ओखरबजारको सुर्योदयलगायतका सामुदायिक पुस्तकालयहरू संरचनामा छन् ।

पालुङमा स्थापना गरिएको पुस्तकालय ३ दशकदेखि बन्द छ । पुस्तक धमिराले खाइसकेका छन् । पुस्तकालय भवन टेको लगाएर राखिएको छ । थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टको सक्रियतामा वि.सं. २०२२ सालमा पालुङ शहरमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय २०३५ सालसम्म आंशिक चलेको भएपनि २०४८ सालपश्चात् पूर्ण रूपमा बन्द भएको छ । पुस्तकालयमा झन्डै पाँच हजार पुस्तक थिए । अहिले धुलिया लागेका केही पुस्तहरू मात्र छन् ।

बाहिरैबाट हेर्दा २०७२ सालको भुकम्पले भवन चरचरी चर्केको छ । ढल्ने अवस्थामा पुगेको भवनको भरेङ चढ्नै डरमर्दो छ । पुस्तक सबै धमिराले खाएर धूलैधूलो भएका छन् । ुयो पुस्तकालय पूर्ण रूपमा बन्द भएको झन्डै ३५ वर्ष हुन लागिसक्यो, पालुङका मधुकर विक्रम श्रेष्ठले भने, 'पुस्तकालय पहिला राम्रोसँग चलेको थियो बहुदल आएपछि बन्द भएको अहिलेसम्म खुलेको छैन ।' पुस्तकालय भित्र भएका पुस्तक धमिराका आहारा भएका छन् भने व्यक्तिले पढ्न लगेका

बाँकी पेज ६ मा

# देव र नरेन्द्रको जोडीलाई उपाधि

◆ विकास संवाददाता




मकवानपुर थाहा नगरस्तरीय प्रथम जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिताको उपाधि देव अर्याल र नरेन्द्र मोक्तानको जोडीले हात पारेको छ । थाहा नगरपालिका वडा नम्बर ४ क्याम्पाडाँडा कबर्डहलमा भएको प्रतियोगितामा १२ टिमलाई पछि पार्दै उनीहरूले उपाधि चुमेका हुन् । प्रतियोगितामा संग्राम केसी र मधुसुदन चौधरीको जोडी दोस्रो भएको छ ।

कडा प्रतिस्पर्धाकाबीच भएको खेलमा पहिलो एक/एक सेट जितेका दुवै प्रतिस्पर्धीले अन्तिम सेटमा देव र नरेन्द्रको टिमले आग्रता लिएपछि उपाधि उचालेका हुन् । प्रथम भएसंगै उनीहरूले नगद १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएका छन् । उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथी थाहानगर खेलकुद विकास समितिका संयोजक तथा वडा नम्बर १२ का वडाध्यक्ष टिकाराम स्याङ्तानले पुरस्कार वितरण गरेका थिए । थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी विशेष अतिथी रहेको पुरस्कार वितरण समारोह पालुङ जेसिज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा भएको थियो ।


प्रतियोगितामा दोस्रो भएको संग्राम र मधुसुदनको टिमले नगद ७ हजार शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । १३ टिमाको सहभागिता रहेको जेसिजकप ब्याडमिन्टन प्रतियोगिताको उत्कृष्ट खेलाडी संग्राम केसी घोषित भए । उनले नगद २ हजार पाँचसय पुरस्कारसहित ट्रूफी हात पारेका छन् । प्रतियोगिता १३ भाद्रबाट लिगचरण अन्तर्गत रही खेलाइएको थियो । प्रतियोगिताका मुख्य निर्णायक यादवजंग रायमाझी रहेका थिए ।

प्रतियोगिताका लागि प्रथम पुरस्कार पालुङ जेसिजका वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले आफ्नो हजुरबुबा स्वर्गीय रणबहादुर रायमाझीको नाममा प्रायोजन गरेका थिए प्रथम शिल्ड र मेडल पालुङ जेसिज वर्ष २०२४ का महासचिव विक्रम गोपालीले प्रायोजन गरेका थिए । द्वितीय पुरस्कार मकवानपुर गढी जेसिज वर्ष २०२४ का अध्यक्ष विजय पुडासैनीले प्रायोजन गरेका थिए भने शिल्ड र मेडल पालुङ जेसिज वर्ष २०२४ का कोषाध्यक्ष संजय गोपालीले प्रायोजन गरेका थिए । त्यसैगरी उत्कृष्ट खेलाडीको नगद पुरस्कार सिमरा जेसिजका वर्ष २०२४ का अध्यक्ष लक्की रिमाल र ट्रफी पालुङ जेसिजका श्रीकृष्ण श्रेष्ठले प्रायोजन गरेका थिए ।

पुरस्कार वितरण कार्यक्रममा वडा नम्बर ४ का वडाध्यक्ष नारायण लामा, इलाका प्रहरी कार्यालयका प्रमुख श्याम थापा, पालुङ जेसिजका पूर्व अध्यक्षहरू तथा पदाअधिकारीहरू, स्थानीय संघसंस्थाका पदाअधिकारीहरू, सञ्चार कर्मी तथा खेलाडी र खेलप्रेमीहरूको आतिथ्यता रहेको थियो । पालुङ जेसिजको आयोजनामा भएको प्रतियोगिताको समन्वय थाहानगर ब्याडमिन्टन संघ, फरक सोच र शिखर क्लबले गरेको थियो ।

प्रतियोगिताको मिडिया पार्टनरहरूमा पालिका प्रेस डटकम, थाहापाटी, थाहाटाइम्स, बाइरोड न्यूज, दामन एफएम र टिम टेलिभिजन हेटौंडा रहेका थिए । सुशान्त श्रेष्ठको संयोजकत्वमा भएको प्रतियोगिताको प्रचार प्रसारमा सहयोग गर्ने सञ्चारमाध्यमहरू, पुरस्कार प्रायोजक, सहयोगी संस्थाहरूलाई कदर पत्रसहित सम्मान गरिएको थियो । अतिथीहरूलाई पालुङ जेसीज अध्यक्ष निरज रायमाझीले मायाँको चिनो स्वारूप 'रूदाने' पुस्तक प्रदान गरेका थिए । सन् २००० मा स्थापना भएको पालुङ जेसिजले विभिन्न सामाजिक कार्यहरू गर्दै आएको छ ।



## • सम्पादकीय •

# संस्कृति संरक्षणमा चासो आवश्यक

संस्कृतिलाई 'सम्पूर्ण समाजको जीवन पद्धति' भनिन्छ। यसले एउटा मानिसको धर्म, भाषा, शिष्टाचार, अनुष्ठान र कलाबारे समावेश गरेको हुन्छ। अर्को शब्दमा भन्नुपर्दा, यो एउटा समुदाय वा समाजभित्र हुने मानवीय गतिविधि हो। रीतिरिवाज, कानुन, पोसाक, वास्तुशैली, सामाजिक स्तर र परम्पराहरू सबै सांस्कृतिक तत्वका उदाहरणहरू हुन्। सबै देशहरूको आ–आफ्नै फरकफरक संस्कृतिहरू हुने गर्छन्। देशभित्र हुने समाज वा समुदायहरूको पनि संस्कृति छुट्टाछुट्टै हुन्छन्। तर, सबैको फरक(फरक संस्कृति भए पनि सबैले आभ्नो संस्कृतिको रक्षा र सामान गर्ने गर्छन् र सबैले आफ्नो संस्कृतिका लागि आभ्नो मनमा एउटा विशिष्ट स्थान राखेका हुन्छन्।

हाम्रो संस्कृति हाम्रो राष्ट्रको जीवन शैलीबाट लिइएको हो। नेपाली संस्कृति एउटा पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको छ। यो एक यस्तो बहुमूल्य खजाना हो, जुन नेपालीहरूले ठूलो गर्वको भावनाका साथ प्रदर्शन गर्ने गर्छन्। नेपाली संस्कृति धेरै पुरानो र सबैभन्दा चाखलाग्दो संस्कृतिहरूमध्ये एक हो। नेपालको भूगोल, जाति, परम्परा, धर्मदेखि लिएर अरू सबै भागमा विविधता पाइन्छ। यसले नेपालको संस्कृतिलाई विविधतायुक्त पनि बनाएको छ। हामी देशका विभिन्न भागहरूमा फरक(फरक सांस्कृतिक आस्थाहरू पाउन सक्छौँ। नेपालको संस्कृति र परम्परा यसको जातीय, धर्म, मूल्य–मान्यता र सामाजिक समूहहरूको पराकाष्ठा हो। नेपालको समृद्ध र विविध संस्कृति यहाँको पहिरन, जात्रा, संगीत, नृत्य, कला, साहित्य, लोकगीत र यसको भाषामा झल्कन्छ। यसले नेपाली जीवनशैलीले के देखाउन र प्रस्ताव गर्न सक्छ भन्ने कुराको प्रदर्शन पनि गर्दछ। नेपालको संस्कृति राष्ट्रको समृद्ध, मेलमिलाप र विविधतायुक्त समाजको प्रतीक हो। हालै थाहा नगरपालिकाको नेवारी समुदायमा संचालन भैरहेको विधि नाचहरु हाम्रा गहना हुन् । घट्टेचौरमा नचाइएको लाखे र देउताहरुको नाच हाम्रा परम्परागत सम्पत्ती हुन् ।

संस्कृति भनेको एकदम महत्वपूर्ण हुन्छ भन्ने कुरा त अहिलेको समयमा सबैलाई थाहा भएकै कुरा हो। तर, धेरैजसो मानिसले यो महत्वपूर्ण तथ्यलाई बिर्सिन्छन्। विशेषगरी संस्कृतिबारे थाहा भएर पनि आजकालका युवाहरूले आफ्नो संस्कृतिलाई प्रवर्द्धन र रक्षा गर्दैनन्। र, उल्टै अन्य देशको संस्कृति पछ्याउँछन्। यो एकदम गलत हो। संस्कृति सबै देश अथवा समूहको लागि एउटा महत्वपूर्ण विषय हो। अझ नेपालका लागि त यसको संस्कृति एकदमै महत्वपूर्ण छ। हाम्रो संस्कृतिले सांस्कृतिक सम्पदाको प्रवर्द्धन गर्छ। यसले नेपाली जनतालाई राष्ट्रिय पहिचानको भावना प्रदान गर्न पनि मद्दत गर्छ। हाम्रो संस्कृतिले विभिन्न जातीय समूहहरूबीच सहिष्णुता र समझदारीलाई बढावा दिन्छ।

देशको जनता भएपछि त्यस देशको संस्कृतिको रक्षा गर्नु भनेको हाम्रो सबैभन्दा पहिलो र महत्वपूर्ण कर्तव्य वा धर्म हो। यसका लागि हामीले संग्रहालयमा गएर सांस्कृतिक स्थलहरूको भ्रमण गर्ने, संस्कृतिबारे लेखिएको साहित्य र कविता पढ्ने, आगामी पुस्तालाई सांस्कृतिक ज्ञान प्रदान गर्ने, भत्किएका सम्पदालाई समयमै मर्मत गरी मौलिकता कायम गर्ने, यस्ता सम्पदाहरूलाई चोरी हुनबाट जोगाउने, यी सम्पदाहरूको संरक्षण गर्न समुदायका युवाहरूले विभिन्न क्लबहरू स्थापना गर्ने र सम्पदा वरपर सरसफाइ राख्नेजस्ता कामहरू गर्न सक्छौँ। अतः हाम्रो संस्कृति भनेको हाम्रो दायित्व हो।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कक्षामा सिकाएको कुरा परीक्षामा आउँछ कि आउँदैन !




◆ नरोत्तम अर्याल


केही महिना अगाडि मैले नेपालको पूर्वदेखि पश्चिमसम्मका धेरै कलेज भ्रमण गरेँ। त्यो बेला त्यहाँका विद्यार्थी र शिक्षकहरूसँग अन्तरक्रिया गर्ने अवसर पाएको थिएँ ।

मैले विद्यार्थीहरूलाई सोधेको थिएँ– तिमीहरूले आजसम्म अनुभव गरेको आधारमा हाम्रो शिक्षा प्रणाली कस्तो लाग्छ ? अधिकांशको जबाफ एउटै थियो – हाम्रो शिक्षा कसरी परीक्षा पास गर्ने भन्ने मात्रमा केन्द्रित भयो। सिकाइ केन्द्रित भएन । एक जना विद्यार्थीले बडो भावुक भएर भनेका थिए, 'खोइ सर, के भन्ने, भन्ने । हरेक कुरा अलिक राम्रोसँग बुझ्न चाहेर प्रश्न सोध्दा शिक्षकले यो परिभाषा परीक्षामा आउँदैन, यति भए पुगिहाल्छ नि भन्नु हुन्छ ।'

ती विद्यार्थीले मलाई उल्टै प्रतिप्रश्न गरे, 'सर, हामीले पढ्ने जाँचका लागि मात्र हो त?' अर्कातिर शिक्षकहरूको आफ्नै वेदना छ । केही शिक्षकहरूले मलाई सुनाउनुभयो, 'अलिकति गहिराइमा कुनै कुरा सिकाउन खोज्यो भने विद्यार्थीहरू जाँचमा आउँछ कि आउँदैन भनेर सोध्छन्।' विद्यार्थी र शिक्षकको भनाइको तात्पर्य यस्तो देखिन्छ–सबैको उद्देश्य परीक्षा पास गर्नु र गराउनु मात्र भयो। पढाउने प्रक्रियामा विद्यार्थीहरूको सिकाइ कस्तो हुन्छ भन्ने कुरालाई कहिल्यै जोड दिएर हेरिएन ।

यो नयाँ कुरा होइन । तर दशकौंदेखि थाहा भएको यो कुरा मैले यहाँ उल्लेख गर्नुको अर्थ हो–हामीले यसमा किन केही गर्न सकिरहेका छैनौं ? ती विद्यार्थीले भनेझैं दशकौंदेखि हामी सिकाइको एउटै चक्रमा घुमिरहेका छौं । उच्च तहमा विश्वविद्यालयहरूले तोकेको पाठ्यक्रम छ, विद्यालयहरूमा पनि पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम छ। त्यो पाठ्यक्रमको अधिकांश मूल्यांकन लिखित परीक्षाबाट हुने पद्धति छ। अनि सबैको ध्यान त्यही परीक्षामा धेरैभन्दा धेरै ग्रेड ल्याउने कुरामा केन्द्रित छ । त्यसैले त हामी कहाँ रोजगारदाताहरूको ठूलो गुनासो छ–हाम्रा युवाहरूमा ज्ञान, सीप र सोच अपेक्षा अनुसारको पाइँदैन। खोजेको जस्तो मानिस पाइँदैन ।

हाम्रो शिक्षाले शिक्षकको कुराको नोट सार्न, किताब पढ्न र जाँच लेख्न त सिकायो तर सोच्न र गर्न सिकाएन। हामीलाई चाहिएको सोच्न र गर्न सक्ने मानिस पो हो ! सोच्न र गर्न सिके पो जीवनमा, पेसा वा व्यवसायमा आउने समस्याहरूको समाधान गर्न सकिन्छ । हाम्रोमा शिशु कक्षा वा कक्षा १ को भन्दा एसइईको समयमा बढी चर्चा हुन्छ। शिशु कक्षादेखि उच्च तहसम्म हाम्रा विद्यार्थीले पाउने अनुभवबारे सार्वजनिक वृत्तमा धेरै कुरा भएको देखिँदैन। यसरी हेर्दा कुन विद्यालय र विश्वविद्यालय राम्रो कि नराम्रो भन्ने पनि कति विद्यार्थीले परीक्षा पस गरे तथा कस्तो ग्रेड ल्याए भन्नेबाटै गरिन्छ ।

एकपटक हाम्रा विद्यालय र कलेजका कक्षाहरूमा पुगौं । त्यहाँ कसरी कक्षा भइरहेको छ, हेरौं । केही अपवादहरू र उदाहरणीय काम गर्नेहरू पक्कै छन् तर अधिकांशको प्राथमिकता ग्रेड र परीक्षामा नै देखिन्छ । के हुन्छ त अधिकांश कक्षाकोठामा? शिक्षकहरू कक्षामा पस्छन्, कसैले पाठ्यपुस्तक पल्टाउँछन् र व्याख्या गर्न थाल्छन् । अलिकति प्रविधि जान्नेहरू पावरप्वाइन्ट खोलेर व्याख्या गर्छन् । कोही विद्यार्थीहरू ध्यान दिएर सुन्छन् भने कोहीलाई समय बिताउन हम्मे हुन्छ ।

अनि तीन-तीन महिनामा परीक्षा हुन्छ । वर्षमा एकपटक कक्षाको अन्तिम परीक्षा हुन्छ । निश्चित अंक कटाउनेहरू पास हुन्छन्, अरू फेल हुन्छन् । प्रयोगात्मक भनिएका परीक्षा पनि सही रूपमा कार्यान्वयन नभएको हामीले देखेकै छौं । भर्खरै मात्र काठमाडौंको नामुद एउटा स्कुलमा कक्षा १० लाई पढाउने शिक्षकहरूसँग कुरा गरेको थिएँ । सबै शिक्षकको एउटै गुनासो थियो –विद्यार्थीहरू कक्षामा ध्यानै दिँदैनन् । कक्षा १० मा पनि उनीहरू गम्भीर छैनन् । एसइईमा कसरी पास हुन्छन् यिनीहरू? महत्त्वपूर्ण कुरा गर्दा पनि सुन्दैनन् ! यसबाट देखिन्छ, शिक्षकहरूमा पनि सुनाएपछि विद्यार्थीले सिकिहाल्छन् नि भन्ने मान्यता हाबी छ ।

मूलतः हाम्रो मूल्यांकन पद्धति पनि सेमेस्टर र वर्षभरि शिक्षकले पढाएका र पुस्तकमा भएका कुराहरू कति सम्झिएको छ, त्यसमा निर्भर छ । विद्यार्थीहरूले के अनुभव गरे भन्ने कुरामा भन्दा पनि कुनै जानकारी कति सम्झिए, कसरी विश्लेषण वा संश्लेषण गरे त्यसमा बढी केन्द्रित छ । यस सन्दर्भमा हामीले आफैंलाई सोध्नुपर्ने सवाल हो – के शिक्षकले व्याख्या गरेर, किताब पढेर र विद्यार्थीले सुनेर मात्र सिकाइ प्रभावकारी हुन्छ ?

हामी वरपरका उदाहरणले नै देखाउँछन्–पक्कै हुँदैन ।

त्यसैले सिकाउने पद्धतिलाई यसभन्दा माथि बढाउनु आवश्यक छ। सिकाइको प्रक्रियामा विद्यार्थीहरूले अनुभव गरेर सिक्ने पद्धति समायोजन गरिनु आवश्यक छ ।

सिकाइमा किन अनुभव जोड्ने ? म आफैले स्नातकोत्तर गर्दाको अनुभव छ। हामीलाई परीक्षामा एउटा प्रश्न सोधिएको थियो–नीति निर्माणका विभिन्न चरणको बयान गर्नुहोस् । ती चरणका बारेमा मलाई पूरै जानकारी थियो। मैले परीक्षामा राम्रो अंक ल्याएँ।

तर के साँच्चिकै मैले नीति निर्माण गर्न जानेको थिएँ त ? अहँ ! त्यसैले जान्नु र गर्नुमा धेरै अन्तर छ । हामीले जिन्दगीमा दिनानुदिन विभिन्न समस्याहरू समाधान गर्नुपर्ने हुन्छ। विभिन्न चुनौती सामना गर्नुपर्ने हुन्छ । कुनै नयाँ काम गरेर अगाडि बढ्नुपर्ने हुन्छ। विभिन्न निर्णय लिँदै अगाडि बढ्नुपर्ने हुन्छ। त्यसैले शिक्षाले आफ्नो निजी, सामाजिक र समसामयिक जीवनमा आउने कुराहरू कसरी निप्ट्याउने भनेर समेट्न पनि आवश्यक छ ।

शिक्षा लिने भनेको त व्यक्तिगत, सामाजिक र व्यावसायिक जीवनमा गर्नुपर्ने काम गर्न सक्ने, आइपर्ने समस्याको समाधान गर्न सक्ने, आवश्यक निर्णयहरू गर्न सक्ने तथा मानव सभ्यतालाई अगाडि बढाउन नयाँ ज्ञान र उपायहरूको विकास गर्ने पो हो त । त्यसैले यो सामान्य तथ्य हो – हाम्रो शिक्षण पद्धतिले विद्यार्थीहरूलाई जीवनका विविध कुराहरू सिक्न मद्दत गर्नुपर्छ । यसका लागि विद्यार्थीहरूलाई पनि विभिन्न चुनौती सामना गर्न, समाधान निकाल्न सिकाउने प्रक्रियाबाट सिकाउनु आवश्यक छ । 'वयस्कहरूले कसरी सिक्छन् ?' भनेर गुगलमा खोज्दा यसले दिएको पहिलो जबाफ थियो, 'गरेर सिक्छन् ।'

हुन त कक्षा ९ र १० को 'माध्यमिक शिक्षा पाठ्यक्रम- २०७८' मा शिक्षण प्रक्रियाबारे यस्तो उल्लेख छ – विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना तथा प्रयोगात्मक कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ । पाठ्यक्रम बनाउँदा अपनाइने एउटा साझा मोडल ब्लुम्स ट्याक्सोनोमीले पनि सिकाइको विविध चरणको कुरा गर्छ। यसका अनुसार विद्यार्थीहरूको सिकाइ कुनै सूचनाको स्मरण, बुझाइ, प्रयोग, विश्लेषण, मूल्यांकन हुँदै सिर्जनासम्म पुग्छ। यसरी विद्यार्थीहरूले कुनै पनि सामग्रीलाई व्यवहारमा उतार्न सक्ने गरी सिक्ने हो भने मात्र प्रभावकारी सिकाइ सम्भव छ ।

विभिन्न शैक्षिक अध्येता र अभ्यासकर्ताहरूको अनुभव हेर्दा देखिन्छ–सिकाइ प्रभावकारी बन्न सिकारूहरूले समस्यासँग खेल्ने, त्यसमा 'रिफ्लेक्ट' गरेर सोच्ने, छलफल गर्ने र प्रयोग गर्ने वातावरण र पद्धतिले मात्र सम्भव छ । शिक्षा सम्बन्धी एक प्रसिद्ध दार्शनिक जोन डिवीका अनुसार सिकाइ हुनका लागि सिकारूको सक्रिय सहभागिता हुनुपर्छ। उनी शिक्षामा मूलतः चार सिद्धान्तहरूले सिकाइ प्रभावकारी हुने बताउँछन् । पहिलो, विद्यार्थीले सिक्ने सबै कुराको उपयोगिता हुनुपर्छ। अर्थात्, सिकेको कुरा विद्यार्थीको जीवनमा सान्दर्भिक र उपयोगी हुनुपर्छ । दोस्रो, पाठ्यक्रमले विद्यार्थीको रूचिलाई समावेश गर्नुपर्छ । विद्यार्थीको रूचि नै जिज्ञासा र खोजीको प्राकृतिक स्रोत हो ।

तेस्रो, ज्ञान र सिकाइको प्राथमिक स्रोत अनुभव हो । चौथो, पाठ्यक्रमलाई फरक फरक विषयका रूपमा छुट्ट्याएर भन्दा पनि सर्वांगीण रूपमा तयार गरिनुपर्छ । यो लेखमा म डिवीको तेस्रो सिद्धान्तको सेरोफेरोमा आफ्नो अनुभवमा आधारित भएर शिक्षण सिकाइ विधिमा प्रयोग गर्न सकिने केही उपायहरू प्रस्तुत गर्दैछु ।

यी उपायहरू डिवीले भनेर मात्र उपयोगी हुन्छन् भनेर प्रस्तुत गरेको होइन। यी उपायहरू कति आफ्नो, सहकर्मी र अग्रजहरूको अनुभवबाट प्रभावकारी


*बाँकी पेज ३ मा*

# तामाः स्वाद मिठो, स्वास्थ्यलाई फाइदा



नेपालको रैथाने खानामा जिब्रोलाई स्वादिलो पार्ने एउटा परिकारको नाम लिनुपऱ्यो भने निर्धक्क लिन सकिने नाम हो, तामा मिसाइएको परिकार । यसको परिकार बन्दा भान्छा बास्नाले मगमग हुन्छ । तरकारीको कुरा गर्ने हो भने यो अत्ति नै स्वादिष्ट हुन्छ । हामीमध्ये कतिपयलाई तामा स्वादकै लागि मात्र खाइन्छ भन्ने लाग्न सक्छ । तर त्यस्तो पक्कै होइन । तामामा औषधीय गुण हुने भएकाले तामा खाँदा स्वास्थ्यलाई फाइदा उत्तिकै पुग्ने गर्छ ।

यसमा के कस्ता तत्त्व पाइन्छ ? ती तत्वले के कति काम गर्छ ? भन्ने विषयमा पछिल्लो समय भएका अध्ययनहरूले पनि यस कुराको पुष्टि गरेको छ । बाँसको कलिलो मुनालाई तामा भनिन्छ । विश्वव्यापी रूपमा एक हजार ७०० बाँसका प्रजातिमध्ये एक सय प्रजातिको मुना खानयोग्य मानिन्छ । खानयोग्य भन्नुको अर्थ हो, स्वादिष्ट स्वादका साथै शरीरका लागि पनि हितकारी हुनु ।

अधिकांश बाँसको प्रजातिमा आफ्नै किसिमको गन्ध हुन्छ । त्यो गन्ध साइएनोजेनिक ग्लाइकोसाइड भन्ने तत्वमा क्यानाइड उत्सर्जन भएर आउँछ । जुन हाइड्रोजनको रूपमा बसेको हुन्छ । जुन विषालु हुन्छ । यसकै कारणले तामामा पिसाब जस्तो गन्ध हुन्छ । यो गन्ध वा विषाक्त हटाउनलाई उमालेर वा फर्मेन्टेसन गरेर मात्र खानयोग्य मान्न सकिन्छ । काँचै खाँदा यसले सासको गति असमान्य रूपमा बढाउने, रक्तचाप घटाउने र टाउको दुखाउने जस्ता साइड-इफेक्ट देखाउँछ । तामा नेपालको प्रायः सबै भूभागमा पाइन्छ । नेपालमा लगायत भारत, इन्डोनेसिया, चीन, कोरिया लगायत एसियाली देशहरूमा प्रख्यात छ । बच्चादेखि वृद्ध समेतलाई तामाको परिकारले लोभ्याउँछ ।

### तामामा के कस्तो तत्व पाइन्छ ?

यो बाहेक तामामा फाइटोस्टेरोल, फेनोल, फलाभोनोइड, क्युआरइन, कार्बोहाईड्रेट, प्रोटिन, फ्याट, भिटामिन बी१ बी२ बी३ बी५ बी६, सी र ई तथा आइरन, म्यागनिज, पोटासियम र जिंक लगायत पौष्टिक तत्व पाइन्छ । फाइटोस्टेरोलले रगतमा कोलेस्टेरोलको मात्रालाई कम गर्छ । पक्षाघात र हृदयघात हुनबाट जोगाउँछ । नेसनल लाइब्रेरी अफ मेडिसिनमा प्रकाशित एक अध्ययन अनुसार यसमा हुने फाइटोस्टेरोलले दैनिक उचित मात्रामा खाएमा सदाबहार युवाको जस्तो फूर्तिलो अनुभव गराउने, खेलाडीको जस्तो जोस र दीर्घायु बनाउँछ ।

फेनोल भन्ने तत्वले एन्टिअक्सिडेन्टको काम गर्छ । यसले छालाको कोषिकालाई फ्रि-रेडिकलको प्रभावबाट बचाउँछ । डीएनए हुनबाट सुरक्षा गर्छ । फलाभोनोइड यसले रगतमा चिनीको मात्रालाई नियन्त्रण गर्ने भएकाले विशेषगरी टाइप-२ मधुमेह भएकाहरूका लागि फाइदाजनक मानिन्छ । यसमा इन्फालमेटरी गुण हुन्छ । जसले कुनै अंग सुन्निएको छ भने निको पार्छ । ब्लड प्रेसरलाई पनि नियन्त्रणमा राख्छ । तामामा हुने काउमारिनले क्यान्सरसँग लड्ने क्षमता बढाउँछ । साथै यसले नसा र धमनीमा अति हुनबाट जोगाउँछ ।

यो मुटुमैत्री खाद्य हो । यसले कोलेस्ट्रोल नियन्त्रण गर्छ । यसमा फ्याट र सुगर अति नै कम हुनाले यसले कोलेस्ट्रोलको 'एलडीएल' स्तर र 'लिपिड्स' गर्छ । रक्तचाप कम गराउने कार्य गर्छ भने सापोनिन्ज र प्रोटिनले शरीरको रोगप्रतिरोधात्मक क्षमता बढाउँछ ।

कार्बोहाइड्रेट, प्रोटिन, फ्याट, एमिनो एसिड, खनिज, भिटामिन बी१ बी२ बी३ बी५ बी६ , सी र ई तथा आइरन, म्यागनिज, पोटासियम र जिंकले शरीर को सम्पूर्ण स्वास्थ्य अवस्था सुधार गर्न मद्दत पार्छ । यसमा अति न्यून क्यालोरी हुनाको कारण यसले शरीरको 'फ्याट लस' वा बोसो घटाउनमा ठूलो सहयोग पुऱ्याउँछ ।

### के कस्ता परिकार बन्छ ?

तामाको अचार, तामाको तरकारी र सुपको रूपमा खान सकिन्छ । विशेषगरी आलु र बोडीको झोलमा तामा पनि मिसाएर बनाउने तरकारीको स्वादले धेरैको जिब्रो लोभ्याउँछ । नेपालीको जिब्रोलाई यति लोभ्याएको छ, कि 'आलु बोडी तरकारी तामा' भनेर गीत समेत प्रख्यात छ ।

त्यसैगरी यसलाई सुक्खा भुटेर वा अचार बनाएर पनि खान सकिन्छ । तामा हालेर मासु पकाउँदा थप स्वादिष्ट हुन्छ । खानाको सुरूवाती अर्थात् 'एप्पिटाइजर' सलादका रूपमा समेत यो उपयोगी गरिंदै आएको छ । हाम्रो भान्छादेखि नेपाली खाना पाक्ने ठूला-ठूला रेस्टुरेन्टमा यसको प्रयोग हुन्छ ।

### तामामा हुने टनिन् हानिकारक

टानिनमा यो पौष्टिक आहारको रूपमा खान उपयुक्त छैन । किनकि यसले प्रोटिनलाई थिग्राउँछ । र, शरीरमा इन्जाइम बन्न रोक्छ । यसले भिटामिन र खनिजको कार्य क्षमतामा ह्रास ल्याउँछ । यसले गाला र आन्द्राको क्यान्सर निम्त्याउने पछिल्लो अध्ययनमा उल्लेख छ ।

तामा, आलु र बोडीको झोलले त धेरैको जिब्रो लोभ्याउँछ । त्यसैगरी यसलाई सुक्खा भुटेर वा अचार बनाएर पनि स्वाद फेर्न सकिन्छ । बाँसको तामालाई पारम्परिक खाद्य पदार्थको रूपमा उपयोग गर्न सकिन्छ ।

### हानिकारक रासायनिक मिसाइँदैन

बाँसको तामा मात्र यस्तो तरकारी हो । जसमा कुनै रासयनिक मलखाँद, विषादी मिसाउन जरूरी छैन । अर्थात् यो शुद्ध, ताजा र पूर्ण जैविक हुन्छ । किनभने बाँसका लागि अतिरिक्त मल र विषादी चाहिंदैन । न सिंचाई गर्नुपर्ने झन्झट हुन्छ ।

### तामा कस्तो ठाउँमा उब्जिन्छ ?

यो जुनसुकै ठाउँमा पनि सजिलै हुर्कने वनस्पति हो । पहाडी भेगमा पाइने तामा बहुउपयोगी र स्वादिष्ट हुन्छ । बाँस छिट्टै बढ्ने प्रजातिमा पर्छ । त्यसैगरी यसले वायुमण्डल शुद्धीकरणमा पनि खास भूमिका खेल्छ ।

२५ सय वर्षअघि नै तामा खाने प्रचलन थियो । जसको सुरूवात चीनबाट भएको पाइन्छ । भनिन्छ, खानाको अभाव भएपछि खोज्दै जाँदा बाँसको तामाको प्रगोग गरी हेर्दा स्वादिलो लागेपछि खान सुरू गरिएको थियो । बिस्तारै चिनियाँले स्वादका साथै औषधीय प्रभाव पनि यसमा हुने पत्ता लगाए ।

करिब दुई हजार वर्षदेखि आजका दिनसम्म पनि पारम्परिक चिनियाँ औषधीय सामाग्रीको रूपमा तामा प्रयोग गरिंदै आएको पाइन्छ । तिब्बती चिकित्सा पद्धतिमा यसलाई 'तवाशीर' भनिन्छ ।

## कक्षामा सिकाएको कुरा... . . .

भएको देखेको छु।
पाठ्यक्रमले के कुरा सिक्ने भन्ने जनाउँछ। शिक्षण पद्धतिले त्यो कुरालाई कसरी सिकाउने भन्ने कुरा गर्छ। मूल्यांकन पद्धतिले विद्यार्थीले सिक्नुपर्ने कुरा कति सिके वा सिकेनन् भन्ने कुरा गर्छ। अब म कसरी सिक्ने भन्ने विषयमा केही उपायहरू प्रस्तुत गर्छु।

### अनुभव जोड्ने उपायहरूः

हामीले साविककै स्थितिमा पनि विभिन्न सिकाइको विधामा, विभिन्न शैक्षिक संस्थाहरूले र शिक्षकहरूले स्वःस्फूर्त रूपमा अनुभवजन्य विधि समावेश गरेको देखेका छौं । चिकित्साको पढाइ हेरौं। त्यहाँ सैद्धान्तिक सँगसँगै वास्तविक जीवनमा चिकित्सकले जे गर्नुपर्ने हुन्छ, त्यही अभ्यास गर्दै सिकाइन्छ। अस्पतालको वातावरण देखाइन्छ, बिरामीसँग अन्तरक्रिया गर्न लगाइन्छ। मृतकको वास्तविक शरीर वा कुनै नक्कली शरीरमा शल्यक्रिया गर्न सिकाइन्छ। उनीहरूलाई खुरूखुरू किताब मात्र पढाएर सिकाइँदैन ।

पाइलटको पढाइ हेरौं। त्यहाँ वास्तविक जस्तै वातावरण सिर्जना गरेर 'सिमुलेसन' विधिबाट सिकाइन्छ। सुर्खेतको जनज्योति माध्यमिक विद्यालयमा पैसा कमाउने तरिकाको प्रवचन मात्र होइन, विद्यार्थीहरूलाई वास्तविक रूपमै पैसा कमाउने अवसर सिर्जना गरेर सिकाइन्छ। केही शिक्षकहरूले शंका गरेको देखेको छु – के हामी सबै कुराहरू अनुभव गरेर सिक्न सक्छौं त? यसको जबाफ हो – सक्छौं।

जरूरी कुरा भनेको शिक्षकले सही शिक्षण पद्धति डिजाइन गर्न कति सक्नु हुन्छ भन्ने हो। अनुभव गर्ने अवसर भन्दैमा सधैं वास्तविक अनुभव मात्र गराउनुपर्छ भन्ने होइन। यो सधैं सम्भव हुँदैन। तर मल्टिमिडिया, केस स्टडी, वादविवाद, बहस, नक्कल क्रियाकलाप, आदिको माध्यमबाट छलफल, रिफ्लेक्सनको परिस्थिति सिर्जना गर्न सकिन्छ। त्यस्तै कार्यशाला गरेर होस् या प्रयोगशालामा लगेर होस्, परियोजना दिएर होस् वा समस्यामा छलफल गराएर होस्, सिक्ने वातावरण सिर्जना गर्न सकिन्छ ।

मुख्य कुरा भनेको कुनै पाठमा सिकारूको गराइ र सोचाइमा सक्रिय सहभागिता छ कि छैन भन्ने हो। देशका विभिन्न स्कुल भ्रमण गर्ने क्रममा विद्यार्थीहरू भन्छन्, 'गणित विषय धेरै गाह्रो लाग्छ। अवधारणा, सूत्र बुझ्न झनै गाह्रो हुन्छ।' उनीहरूको मुख्य चुनौती भनेको आफूले पढिरहेको कुरा कहाँ काम लाग्छ र यो कसरी प्रयोग गर्न सकिन्छ भन्ने थाहै नहुनु हो। स्ट्यानफोर्ड विश्वविद्यालयका गणित शिक्षाका प्रोफेसर जो बोलरका अनुसार विद्यार्थीहरूले अभ्यासबाट भन्दा पनि आफूलाई मनपर्ने समस्यामा काम गर्दा गणित राम्रोसँग सिक्छन्। यसका लागि विद्यार्थीलाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित समस्यामा काम गराउन सकिन्छ। प्रविधि प्रयोग गर्न सकिन्छ।

त्यस्तै गरी समाजशास्त्र, इतिहास जस्तो विषयलाई चाहिँ कसरी अनुभव गराउने त? समाजशास्त्र त समाजमा घुलमिल भएर नै बुझ्ने हो। इतिहासमा भएका घटनाको प्रविधिको प्रयोग गरेर अनुभव गराउने हो। विभिन्न घटनाहरूमा छलफल गराउने, पुरानो मानिसहरू जसले घटनाहरू भोगेका थिए उनीहरूसँग अन्तरक्रिया आदि गराएर रोमाञ्चक र सहभागितामूलक बनाउन सकिन्छ। तथ्यहरू मात्र पढाउँदा विद्यार्थीहरूको सिकाइ गहिरो नहुन सक्छ। यसका लागि संग्रहालयहरूको अध्ययन भ्रमण, पुरातत्व विभागसँग सहकार्य गर्न आवश्यक छ ।

*(लेखक अर्यालि किङ्स कलेजका प्रेसिडेन्ट हुन्)*




थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# एमाले थाहानगरको वार्षिक कार्ययोजना पारित



◆ विकास संवाददाता

नेकपा एमाले थाहानगर कमिटीको चौथो पूर्ण बैठकले वार्षिक कार्ययोजना पारित गरेको छ । १६ भाद्रमा सम्पन्न कमिटीको बैठकमा अध्यक्ष सुरेन्द्रमान प्रधानले प्रस्तुत गरेको वार्षिक कार्ययोजना सर्वसम्मत पारित गरेको हो । कार्ययोजनामा टोल कमिटीदेखि नगर स्तरीय बैठक, भेला, प्रशिक्षण, भेटघाट, घर फर्क अभियान, विकास निर्माण, जनसरोकार, सुशासनलगायतका विषयहरू समावेश छन् ।

बैठकले आर्थिक वर्ष २०८०/०८१ को आयव्यय अनुमोदन गर्दै आर्थिक वर्ष ०८१/०८२ का लागि ७ लाख ८५ हजार २६५ रूपियाँको अनुमानि आयव्यय पारित गरेको छ । ३२ साउनमा सम्पन्न नगर सचिवालय बैठकले गरेका निर्णयहरू अनुमोदन गर्दै नगर सदस्यमा मनोनीत सदस्यहरू धर्मलाल प्रधान, कृष्णमाया केसी, केदार विष्ट, कमल कार्की, सानुकान्छा थिङ, उत्तम गोपाली र कृष्ण बलामीलाई पद तथा गोपनियताको शपथ ग्रहण समेत गराएको छ ।

बैठकमा प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर ईञ्चार्ज रामेश्वर रानाले गठबन्धनका कारण दुई पटक नगर प्रमुख र उपप्रमुख पराजित हुनु परेको भन्दै अब २०८४ को निर्वाचनमा कुनै पनि कारण हार्ने छुट नभएको बताए । बैठकमा एमाले केन्द्रीय सदस्य, मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ क ईञ्चार्ज एवम् सत्ता पक्षका मुख्य सचेतक महेश बर्तौलाले विकास निर्माणसंग जोडिने कार्यक्रमहरूमा केन्द्रीत हुन निर्देशन दिए ।

बैठकमा बागमती प्रदेश सदस्यहरू बलराम बल, नारायण रिजाल, जिल्ला कमिटी सदस्यहरू शशीधर सुवेदी, बिमल कुमार ढकाल, नगर उपाध्यक्ष हेम कुमार थिङ्लगायतले मन्तव्य राखे ।

बैठकमा वडा ईञ्चार्ज तथा वडा कमिटी अध्यक्षहरू, जनवर्गीय संगठनका अध्यक्षहरूले दुई महिनाको रिपोर्टिङ गरेका थिए ।

# हेटौंडा उपमहानगरको एक महिनाको राजश्व संकलन साँढे चार करोड

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो एक महिनामा चार करोड ५० लाख १४ हजार रूपैयाँ राजस्व संकलन गरेको छ । उपमहानगरका राजस्व शाखाप्रमुख मनोज सुवेदीका अनुसार साउनमा उपमहानगरले सम्पत्ति करबाट एक करोड ४४ लाख ८५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट एक करोड १८ लाख ७५ हजार, घरबहाल करबाट ५० लाख ६५ हजार, सिफारिस दस्तुरबाट ३३ लाख ४० हजार, बहाल बिटोरी करबाट १८ लाख ७८ हजार, व्यवसाय करबाट ४१ लाख २१ हजार र प्रशासनिक दण्ड जरिवाना र जफतबाट पाँच लाख ९६ हजार राजस्व संकलन भएको छ ।

यो अघिल्लो आव २०८०/८१ को साउनको तुलनामा २५ लाख ६२ हजार कम राजस्व संकलन भएको हो । आव २०८०/८१ को साउनमा उपमहानगरले चार करोड ७५ लाख ७६ हजार राजस्व संकलन गरेको थियो । चालु आव २०८१/८२ को पहिलो महिनामा व्यवसायीले कर वृद्धिको विरोधमा गरेको आन्दोलन, कबाडी संकलन तथा बिक्री कर लगाउन नसक्नुजस्ता कारण अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनामा कम राजस्व संकलन भएको प्रमुख सुवेदीले बताए । यस्तै विश्वव्यापी आर्थिक मन्दीका बाबजुद हेटौंडा उपमहानगरले आव २०८०/८१



मा लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सफल भएको थियो ।

उपमहानगरले आव २०८०/८१ मा ३० करोड ९४लाख पाँच हजार राजस्व संकलन गर्ने लक्ष्य लिएकामा विभिन्न शीर्षकमा ३४ करोड सात लाख ६४ हजार छ सय ४० राजस्व संकलन गरेको छ । उपमहानगरले आव २०८०/८१ मा एकीकृत सम्पत्ति करबाट सात करोड ३० लाख २८ हजार, घरबहाल करबाट ६ करोड एक लाख ६८ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट पाँच करोड २३ लाख नौ हजार, बहाल बिटोरी करबाट दुई करोड ४९ लाख ७४ हजार, सिफारिस दस्तुरबाट तीन करोड ४१ लाख ९६ हजार, व्यवसाय रजिस्टेशन दस्तुरबाट दुई करोड ३२ लाख ३१ हजार, नक्सापास दस्तुरबाट एक करोड ६ लाख ३० हजार, सरकारी सम्पत्ति बहालबाट पाँच लाख ८६ हजार, ढुंगागिट्टी बालुवा बिक्रीबाट ८० लाख र प्रशासनिक दण्ड जरिवानावापत ८६ लाख ७३ हजार राजस्व संकलन भएको राजस्व शाखाप्रमुख सुवेदीले बताए ।

# शिखरकोटमा पुस्तकालय दिवस मनाइयो

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ४ शिखरकोटमा रहेको नवजागृत पुस्तकालयले 'एक व्यक्ति, एक पुस्तक' अभियान शुभारम्भसहित १७ औं पुस्तकालय दिवस मनाएको छ । जिल्लाकै पुरानो नवजागृत पुस्तकालयले दिवसको अवसरमा भेटघाट र अन्तरक्रियात्मक कार्यक्रम गरेको छ । 'एक व्यक्ति एक पुस्तकक' अभियान अन्तर्गत कुमार नेगी, श्रीराम कार्की, रेम्स रायमाझी, बारूद र ायमाझीले अभियानलाई सहयोगार्थ पुस्तक हस्तान्तरण गरेका थिए ।

अन्तरक्रियात्मक कार्यक्रममा पुस्तकालयको सञ्जाल निर्माण, पुस्तकालयलाई आधुनिक र प्रविधिमैत्री बनाईनुपर्ने, पुस्तकालय संवन्धि कानून निर्माण, नमूना पुस्तकालय निर्माण, पुस्तकालयमा जनशक्ति व्यवस्थापन, नगर स्तरिय पुस्तकालय समन्वय समितिको आवश्यकता, नगरभित्र भएका पुस्तकालयहरूको अध्ययन तथा अनुसन्धानका साथै अभिलेखिकरण हुनुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा बोल्दै नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले समयको परिवर्तन अनुसार पढ्ने संस्कृतिमा परिवर्तन आएको बताउँदै उनले पछिल्ला पुस्ता नविनतम प्रविधिमा र माउन थालेकाले पुस्तकालयप्रति आकर्षण घट्दै गएको बताए । पत्रकार कुमार नेगीले समयको परिवर्तनसँगै अबका पुस्तकालयमा युवा पुस्ताको माग अनुसार पुस्तक तथा पाठ्य सामाग्री राखिनु जरूरी भएको बताउदै उनले भने, 'सूचना प्रविधिका क्षेत्रमा आएको परिवर्तनलाई आत्मसात गर्दै पाठ्यपुस्तकलाई डिजिटलाइज गर्नुपर्दछ ।' कार्यक्रममा जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीले पुस्तकालयमा पाठक बढाउनको निम्ति विद्यालयमा अध्यनरत विद्यार्थीहरूलाइ पुस्तकालयको महत्वको बारेमा अभिमुखिकरण गर्नुपर्ने बताए ।

माओवादी जिल्ला सदस्य अरूण रायमाझीले पुस्तकालयको भौतिक संरचना पनि बसौं बसौं पढौं पढौं लाग्ने किसिमको हुनुपर्नेमा जोड दिदै पाठकलाई अधिकतम जोड्ने गरी पुस्तकालयको विकास गरिनुपर्ने बताए । पुस्तकालयका पुर्व अध्यक्ष मधुसूदन रायमाझीले मकवानपुर जिल्लामै दुइवटा पुस्तकालय जिवित रहेको र त्यसमध्य थाहामा रहेको नवजागृत पुस्तकालय पनि पर्ने हुदा ५६ वर्षको गौरवपूर्ण इतिहास बोकेको यस पुस्तकालयको संरक्षणमा युवा पुस्ताले देखाएको चासोले आफू हर्षित भएको बताए ।

नवजागृत पुस्तकालयका अध्यक्ष सुमन बिष्टको अध्यक्षता तथा वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको प्रमुख आतिथ्यता रहेको थियो ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



# शिखरकोटमा कृष्णाष्टमी पर्व मनाइयो

◆ विकास संवाददाता

श्रीकृष्णाष्टमीको अवसरमा मकवानपुर थाहा नगरपालिकाको शिखरकोटमा भव्यताको साथ पुजा आराधानाको साथै विविधि कार्यक्रमहरू भएका छन् । १० भाद्रमा थाहा नगरपालिका, शिखर क्लब, बजार व्यवस्थापन समिति शिखरकोटलगायतका संस्थाहरूको आयोजनामा कार्यक्रम भएको हो ।

शिखरकोटमा भएको लिटिल राधाकृष्ण, लिटिल लाखे प्रदर्शनले मेला भर्न मन्दिर पुगेकाहरूको ध्यान तानेको थियो । प्रदर्शनीमा २५ राधा ३५ जना कृष्णको भेषमा सहभागी थिए । उनीहरू सबैलाई आयोजकले उपहार दिएको थियो । राधा र कृष्णको रूपमा आफ्ना बालबालिकालाई सिंगारेर अभिभावकहरू १० भाद्र विहान शिखरकोट स्थित फल्या परिसरमा पुगेका थिए । थाहा नगरपालिकाका नगर प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

त्यसैगरी पालुङ शहरको पालुङ धिमे समूह र गोपाली गाउँको गोपाली धिमे समूहको बाजासहित लिटिल लाखे शिखरकोटमा प्रदर्शनी गरिएको थियो । थाहा नगरपालिका वडा नम्बर ५ को तामाङ बोन्बो संरक्षण समूहको ढ्याङ्ग्रो झाँक्री नाच, कुन्छाल महिला बाँसुरी समूह, ओखरबजार धिमे समूह, ऋषेश्वर खैजडी महिला समूह र थाहा महिला तथा पुरुष खैजडी भजन समुहको प्रदर्शनी समेत रहेको थियो । भजन र बाजामा भक्तजनहरू छमछमी नाचेका थिए ।

पर्वको अवसरमा शिखरकोटमा थाहानगर क्षेत्रका फोटोहरू प्रदर्शनीमा राखिएका छन् भने नेवारी परिकारसहित खानाका स्टलहरू समेत राखिएका छन् । योमरीसहित अन्य नेवारी परिकार चाख्नेहरू पनि स्टलमा पुगेका थिए । सो अवसरमा व्यवसायिक स्टलहरू पनि शिखरकोटमा प्रशस्त रहेका छन् । कपडा, जुत्ता, खेलौना, मोबाइलका सामान, रैथाने अन्नहरूलगायतको स्टलहरूले शिखरकोटको सडक पेटी भरिभराउ भएको थियो ।

मेला व्यवस्थापनका लागि आयोजकले स्वयंसेवकहरूको व्यवस्था गरेको छ । १० भाद्रमा भएको कार्यक्रममा थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीलगायत स्थानीय संघसंस्था तथा अग्रजहरूको आतिथ्यता रहेको थियो । मेलाको थाहा नगरपालिका, बजार व्यवस्थापन समिति शिखरकोट, शिखर क्लब, गोपाली समाज, नवजागृत पुस्तकालय, फरकसोच, दामन चेली समाज र ब्याडमिन्टन संघ थाहा नगरपालिका आयोजक रहेका छन् । मेलाको मुख्य प्रायोजक यति ब्रुअरी र अर्ना रहेको छ । मेलालाई प्रचारप्रसारमा विशेष सहयोग गर्नका लागि अफिसियल मिडियाहरू समेत तोकिएका छन् । पालिका प्रेस डटकम, थाहापाटी, थाहा टाइम्स, रेडियो दामन, सत्मार्ग मिडिया र टिम टेलिभिजन मेलाका अफिसियल मिडिया हुन् । बिगतका वर्षमा भन्दा यो वर्ष बिशेष चहलपहल हुने अनुमान गरिएको छ ।



## आग्रा स्पोर्टसले चुम्यो उपाधि

मकवानपुर थाहा नगरपालिकाको शिखरकोटको कृष्णजात्राको अवसरमा आयोजित खुल्ला घैटो फुटाई प्रतियोगिताको उपाधि थाहा नगरपालिकाको आग्रा स्पोर्टस टिमले हात पारेको छ । ११ भाद्र दिउँसो आयोजित प्रतियोगितामा आग्रा स्पोर्टसले प्रथम भएसंगै नगद ३० हजार पुरस्कार पाएको छ ।

प्रतियोगितामा द्वितीय भएको थाहा-५ को समूहले नगद १३ हजार रूपैयाँ नगद पुरस्कार पाएको छ भने तृतीय भएको कैलाशले नगद ७ हजार रूपैयाँ पुरस्कार पाएको छ । थाहा नगरपालिकासहित विभिन्न ८ वटा संस्थाको आयोजनामा भएको प्रतियोगिता प्रत्येक वर्ष कृष्णाष्टमीको भेलिपल्ट हुने गर्दछ ।

कार्यक्रम व्यवस्थापन गर्नका लागि आयोजकले दर्जनौ स्वयंसेवकहरू परिचालन गरिएको थियो । प्रतियोगिताहरूको लागि पहिलो पुरस्कार युवा उद्यमी रामराजा केसी, द्वितीय पुरस्कार निकेशराज ढकाल र तृतीय पुरस्कार मुकेश मिश्रले प्रायोजन गरेका थिए । पुरस्कार प्रायोजन गर्ने सबैलाई आयोजकले कदर पत्रसहित सम्मान गरेको छ ।

प्रतियोगिता अन्तर्गत अघिल्लो वर्ष बागेश्वरी युवा क्लब थाहा नगरपालिका वडा नम्बर ३ ले उपाधि चुमेको थियो । प्रतियोगितामा आग्रा समूह द्वितीय र थाहानगरपालिका वडा नम्बर-५ समूह तृतीय भएका थियो । यस वर्ष आग्राले पहिलो र तेस्रो पुरस्कार हात पारेको छ ।

यसैबीच कृष्णजात्राको अवसरमा श्रीकृष्णको रथायात्रा कार्यक्रम भएको छ । शिखरकोटको कृष्ण मन्दिर गोपाली गाउँको गणेश मन्दिर र चोकचोकमा रथ यात्रा भएको छ । गोपाली समाजका स्वयंसेवक तथा अन्य आयोजकहरू मार्फत खटिएका स्वयंसेवकहरूले भक्तजनहरूलाई पुजा आरधना गर्न सजिलो हुने गरी रथयात्रा गराएका थिए । सो अवसरमा लाखे नाच समेत प्रदर्शन गरिएको थियो । प्रतियोगिता अघि शिखरकोटको चुनीथानमा वृहत साँस्कृतिक कार्यक्रम भएको थियो । कार्यक्रममा स्थानीय तथा राष्ट्रिय कलाकारहरूको प्रस्तुति रहेको थियो । कार्यक्रमलाई व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि सहयोग गर्ने सबैलाई आयोजक शिखर क्लबका अध्यक्ष विश्व अर्यालले आभार व्यक्त गरेका छन् ।

## आलु विजवृद्धिको प्रस्ताव खुल्यो

मकवानपुर थाहा नगरपालिकाले आलु विजवृद्धि कार्यक्रमको लागि प्रस्ताव खुलाएको छ । पालिकाको कृषि विकास शाखाले ९ भाद्रमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरेको हो ।

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पालिकाले ५० प्रतिशत अनुदानमा संचालन गरिने कार्यक्रमका लागि प्रस्ताव आव्हान गरेको हो । नगरपालिकाको दुई क्लष्टरमा सञ्चालन गरिने कार्यक्रमका लागि २ लाख ९३ हजार अनुदान बजेट रहेको छ । म्याद ८ असोजसम्म रहेको कृषि शाखाले जनाएको छ ।

# अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा थाहानगरलाई ३ स्वर्णसहित १० पदक




◆ विकास संवाददाता

साउथ एशियन खुल्ला अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा नेपाल गोजरियो कराते दो संघ थाहानगरका खेलाडीले ३ स्वर्ण पदक सहित १० वटा पदक जितेका छन् । प्रतियोगिता नेपाल गोजरियो कराते दो संघको आयोजना काठमाडौंको त्रिपुरेश्वर स्थित दशरथ रंगशालाको कभर्ड हलमा १२ र १३ गते भाद्रमा भएको थियो ।

प्रतियोगितामा थाहाका खेलाडीहरू सुस्मिता दोङले ३५ किलो तौल समुहमा स्वर्ण पदक हात पारिन् । त्यस्तै ५० किलो तौल समूहतर्फ आशा मोक्तान र ५५ किलो तौल समुहमा प्रमिला थोकरले स्वर्ण पदक प्राप्त गरेको प्रशिक्षक मानसिं दोङले जानकारी दिए ।

थाहाबाट २६ जना खेलाडीहरूले विभिन्न तौल समुहको प्रतियोगितामा सहभागी भएका थिए । खेलमा डेनी वाइवा, सन्तोष गोपाली, शान्तराम अधिकारी र सन्जिता गोलेले रजत पदक हातपार्दा सुमन घिमिरे, निशा स्याङ्तान र सन्ध्या रूम्बाले कास्य पदक जितेका छन् ।

प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, भुटानका ३ सय ८५ खेलाडीहरूको सहभागीता रहेको थियो । प्रतियोगितामा विजेता खेलाडिहरूलाई प्रमुख अतिथी राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले मेडल प्रदान गरेका थिए ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# ओझेलमा सामुदायिक ..... .. .. . .

किताब फिर्ता पनि गरेका छैनन् ।

रूपचन्द्र विष्टले विभिन्न क्षेत्रबाट इतिहास, जीवनी, समाजशास्त्र, दर्शनलगायत किताब ल्याएर पुस्तकालयमा राखेका थिए । पाँच सयभन्दा बढी पुस्तकालयका सदस्य थिए । उक्त पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पढ्ने बानी बसालेको स्थानीयवासी ध्रुव श्रेष्ठले बताए । उनले भने, 'यो पुस्तकालयले त्यतिबेलाका युवालाई पढ्ने बानी बसालेको थियो ।' दामन-पालुङमा शैक्षिक जागरण ल्याउने उद्देश्यले पालुङमा मात्र होइन, शिखरकोटमा पनि रूपचन्द्रले नवजागृति पुस्तकालय २०२५ सालमा स्थापना गरेका थिए । त्यो पनि लामो समयसम्म बन्द भयो, अहिले आंशिक सञ्चालनमा छ । लामो समय बन्द रहेको पुस्तकालय मधुसुदन रायमाझी अध्यक्ष भएयता आंशिक संचालनमा छ । हाल उक्त पुस्तकालय अनिल विष्टको नेतृत्वमा छ । अहिले पनि पाठकहरूका लागि पुस्तकालय खुल्ने गरेको अध्यक्ष विष्टको प्रतिक्रिया छ । नवजागृत पुस्तकालय गोपाल गोपाली र तीर्थदास श्रेष्ठलगायतको प्रयासमा शुभारम्भ भएको थियो । पुस्तकालयको आफ्नै भवन छ । घर भाडामा लगाएर पुस्तकालयले स्रोत संकलन गर्दै आएको छ । आन्दानी भए पनि पुस्तकालयमा पाठक नभएपछि अस्तित्व नै जोगाउन मुस्किल पर्दै गएको छ ।

यस्तै थाहा नगरपालिकाको ओखरबजारमा रहेको सूर्योदय पुस्तकालय बन्द अवस्थामा छ । वि.सं. २०४८ सालमा स्थापना भएको पुस्तकालयको आफ्नै भवन छ । भवन भाडामा लगाइएको छ । पुस्तकालय सञ्चालनमा छैन । थाहा नगरपालिका वडा नं ६ को बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र मार्फत पुस्तकालय सञ्चालनमा र हेको छ । थाहाको अन्य पुस्तकालय भन्दा उक्त पुस्तकालय फरक छ । वि.सं. २०७० सालमा तत्कालिन जिल्ला शिक्षा कार्यालय मकवानपुरको मातृत्वमा स्थापना भएको उक्त पुस्तकालय अहिले थाहा




नगरपालिका शिक्षा शाखा मातहतमा छ । दैनिक विहान र बेलुका नै पुस्तकालय खुल्ने अध्यक्ष रूपचन्द्र गोपालीले जानकारी दिए ।

सरकारले पुस्तकालय दिवस मनाउने भनिर हँदा थाहा नगरपालिकामा रहेको अधिकांश सामुदायिक पुस्तकालयहरूको अवस्था यता न उता छ । पुस्तक प्रेमी पालुङका निरोज प्रधान भन्छन्- 'पुस्तकालयलाई प्रविधिको विकास सँगै कसरी अघि बढाउने भन्ने कुरामा सबै सरोकारवालाहरूको चिन्ताको विषय हो तर पुस्तकालयको महत्व आफ्नै छ यसलाई ब्युताउनु आवश्यक छ ।'

वि.सं. २००९ सालमा भीमफेदीमा स्थापना गरिएको ज्योति पुस्तकालय त्यो पनि दयनीय अवस्थामा छ । मकवानपुरको यो पहिलो पुस्तकालय हो । २०१८ सालतिर हेटौंडामा स्थापना गरिएको हाम्रो पुस्तकालय, २०२८ सालमा हटिया गाविसमा स्थापना गरिएको धरणीधर पुस्तकालय, २०२५ सालमा स्थापना गरिएको मानस पुस्तकालय र २०३५ सालमा स्थापना गरिएको जनपुस्तकालय पनि उस्तै हालतमा छन् ।

# थाहानगरको वार्षिक समीक्षाः पालिकाको सकारात्मक सूचकहरू उकालो लाग्दै

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा भएको छ । पालिकाको आयोजनामा १६ भाद्रमा पालुङ जेसिज सभाहलमा समीक्षा कार्यक्रम भएको हो ।

थाहा नगरपालिका प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षतामा भएको समीक्षामा नगर प्रमुख, वडाध्यक्षहरू तथा कार्यपालिका सदस्य र अन्य जनप्रतिनीधिहरूको समेत उपस्थिती रहेको थियो । समीक्षामा प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले कार्यक्रमको उद्देश्यको विषयमा जानकारी गराएका थिए ।

समीक्षामा थाहा नगरपालिकाका शाखा तथा वडा कार्यालयहरूले प्रस्तुतिकरण गरेका थिए । कार्यक्रममा वडा सचिवहरूले राजश्व संकलन, कार्यक्रम कार्यान्वयन, भौतिक तथा वित्तीय प्रगतीहरूको विषयमा प्रस्तुतिकरण गरेका थिए । सचिवहरूले वडा कार्यालयहरूको उपलब्धी, समस्या र चुनौतिहरू समेत उल्लेख गरेका थिए । सो अवसरमा थाहा नगरपालिकाका शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, योजना, सामाजिक विकास, वन तथा वातावरण, उद्योग तथा राजश्व, जिन्सी, आर्थिक प्रशासनलगायतकाको शाखा प्रमुखहरूले पनि वर्षभरीको कार्यक्रम र प्रगतीको विषयमा प्रस्तुतिकरण गरेका थिए ।

कार्यक्रममा वडा र शाखाहरूले प्रस्तुत गरेको उपलब्धी, समस्या र चुनौतिको विषयमा छलफल भएको थियो । सो अवसरमा नगर प्रमुख विष्णु बहादुर विष्टले कार्यक्रम कार्यान्वयनका क्रममा भएका उपलब्धीसहितको छलफलले आगामि योजना तर्जुमा र कार्यान्वयनका लागि सहज हुने बताए । पालिकाको



समग्र उपलब्धीलाई उठाउनका लागि वडा तथा शाखाहरूको कार्य सम्पादन महत्वपूर्ण हुने बताए । उपप्रमुख भरत गोपालीले योजनाहरूको अनुगमन मुल्याङ्कन जस्तै समग्र पालिकाको कामको समीक्षा कार्यक्रमले मूल्याङ्कन हुने बताउँदै यस कार्यक्रमले आगमी दिनका लागि थप स्तरीय बनाउन सघाउ पुग्ने बताए ।

प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले पालिकाका वडा तथा शाखाहरूले गरेको कार्यको प्रशंसा गरे । गत वर्षहरूको तुलनामा पालिकाले आन्तरिक राजश्व व्यवशाय दर्ता तथा नवीकरण, योजना कार्यान्वयनलगायतको सूचकमा हासिल गरेको उपलब्धी प्रसंशनीय भएको बताए । उनले यस कार्यमा सघाउ पुऱ्याउन पालिका नेतृत्व, जनप्रतिनीधि कर्मचारीहरू सबैको सहयोग रहेको औल्याए । समीक्षा कार्यक्रमको अवसरमै वार्षिक प्रगती समिक्षा कार्यक्रम समेत सार्वजनिक गरिएको छ ।


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं !

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समय-समयमा सफा गरौं ।
- पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**




सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति : २०८१ ०४ ०१ गते देखि भाद्र मसान्त भित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गर्नु/गराउनु हुन अनुरोध छ । भाद्र मसान्तभित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय नविकरण नगराएमा प्रणालीबाट स्वतः लगत कट्टा हुने र त्यस्ता लाभग्राहीहरुले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यवस्था रहेको समेत जानकारी गराईन्छ ।

परिचय पत्र नविकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले विवरण दर्ता गराउनु भएको लाभग्राहीहरुले आवश्यक कागजात सहित राष्ट्रिय परिचयपत्र नम्बर वा आवेदन फारम पेश गर्नुहुन साथै विवरण दर्ता नगराएका लाभग्राहीहरुले जिल्ला प्रशासन कार्यालयमा गई विवरण दर्ता गराउन हुन जानकारी गराईन्छ । तोकिएको समयमा राष्ट्रिय परिचय पत्र नम्बर सहित Biometric Verification नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने व्यहोरा अनुरोध छ ।

**पुनश्च: बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचय पत्र विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा जानकारीको लाग अनुरोध छ ।**

थप जानकारीका लागि थाहा नगरपालिका एम.आइ.एस. सेवा इकाइ थाहा नगरपालिका वा वडा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।





● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी